# पाठ - 2

# الدرس الثاني - نيبالي

## नमाजको संबन्धमा महत्वपूर्ण कुराहरु

## الأمور المهمة المتعلقة بالصلاة

१ - पुरुषहरुको लागि मस्जिदमा गएर सामुहिक रुपले नमाज पढनु अनिवार्य छ, हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो मैले यो ठानेको छु कि कसैलाई नमाज पढाउने आदेश दिउँ र म आफै गएर यस्तो व्यक्तिहरुको घरमा आगो लगाइदिउँ जुन् नमाजमा उपस्थित हुदैनन्» (बुखारी २४२, मुस्लिम ६५१) ।

२ - छिटै र शान्ति पुर्वक तरिकाले मस्जिद तिर लाग्ने ।

३ - मस्जिदमा प्रवेश गर्दा पहिला आफ्नो दायाँ खुट्टा भित्र राख्ने र यो दुआ (प्रार्थणा) गर्ने :(اللهم افتح لي أبواب رحمتك) अल्लाहुम्मफ तहली अबवाब रहमतिक, अर्थात: हे अल्लाह! मेरो लागि तपाई आफ्नो दयाको ढोका खोलि देउ । (मुस्लिम - १६५२)

४ - बस्नु भन्दा पहिले दुई रकअत तहिय्यतुल मस्जिद पढ्नु सुन्नत छ, अबूकतादा ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो
यदि तिमीहरु मध्ये कोही मस्जिदमा प्रवेश गर्दछ भने बस्नु भन्दा पहिले दुई रकअत नमाज पढि लिओस्» (बुखारी ४४४, मुस्लिम, ७१४)

५ - नमाजमा आफ्नो गुप्तलिङ्गलाई छोप्नु अनिवार्य छ, पुरुषको गुप्तलिङ्ग नाइटो देखि घुँडा सम्म हुन्छ, र महिलालाई नमाजमा अनुहार बाहेक पुरा शरीर छोप्नु पर्छ ।

६ - काअबाको दिषामा मुख गर्नु जरुरी हुन्छ, र यो नमाजको स्विकृतिको शर्त हो, यदि रोग अथवा अन्य कुनै बाध्यता छैन भने र यात्रामा फर्ज बाहेक अरु नमाजहरु काअबा बाहेक अरु दिषामा पढ्न मिल्छ ।

७ - त्यस्तै समय मै नमाज पढनु अनिवार्य छ, समय भन्दा अघि नै पढेको नमाज सही हुदैन, र समय भन्दा ढिलो गर्नु पनि बर्जित गरिएको छ ।

८ - नमाजको लागि छिटो जानु, र प्रथम पंक्तिमा बस्ने प्रयास गर्नु, र नमाजको प्रतिक्षा गर्नु पुण्यको ठूलो कार्य हो, अबूहुरैरह ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो
यदि मानिसहरुलाई थाहा भइहालोस कि अजान र प्रथम पंक्तिमा के राखिएको छ भने त्यो प्राप्त गर्नको लागि यदि चिठ्ठा हाल्नु पर्छ भने उनीहरुले चिठ्ठा पनि हाल्ने गर्छन्, र यदि यो थाहा भइहालोस कि नमाजको लागि छिटो जानुमा के राखिएको छ भने त्यसको लागि एकअर्का भन्दा अघि पुग्ने प्रयास गर्दछन्»(बुखारी-६१५, मुस्लिम ४३७)। र अबूहुरैरह ﵁ कै अर्को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो
तिमीहरु मध्ये कसैलाई जब सम्म नमाजले रोकि राखेको हुन्छ भने तब सम्म त्यो नमाज मै हुन्छ (बुखारी - ६५९, मुस्लिम ६४९)